# GLOBAL FORUM AGAINST CASTE BASED DISCRIMINATION (Global Forum)

Againstcast14@gmail.com, www.againstcaste.org


सन् १९६० मार्च २१ तारीख अफ्रिकाको सार्पभिल्ले भन्ने ठाँउमा रंगभेद बिरुद्धमा शान्तिपूर्ण प्रदर्शन गरिरहेको बेला बिरोधीहरुले अन्धाधुन्धा गोली चलाउँदा ६९ जना प्रर्दशनकारीहरु मारिए र ठुलो संख्यामा घाईते भए । सन १९६६ मा संयुक्त राष्ट्र संघको साधरण सभाले उक्त मार्च २१ को नरसंहारको दिनलाई International Day for the Elimination of Racial Discrimination को रुपका मनाउने र विश्वबाट रंग र जातको आधारका गरिने बिभेदलाई उन्मुलन गर्ने घोषाणा गऱ्यो । सोहि दिन देखि मार्च २१ लाई अन्तर्राष्ट्रिय जाती रंग भेद उन्मुलन दिवसको रुपमा बिश्व भर मनाईदै आईएको छ । बिश्व २१ औं शताव्दीको बैज्ञानिक युगमा आईपुग्दा समेत दक्षिण एसियामा मात्र २६० मिलियन मानिसहरु जातको आधारमा गरिने बिभेदबाट आर्थिक, सामाजिक, राजनैतिक आदि क्षेत्रमा पछाडि रहेका छन् । नेपालको सन्दर्भमा संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवास्थामा समेत जातिय छूवाछुत र भेदभावले जरो गाडिरहेको अवस्था छ । अहिले पनि जातको आधारमा कथित दलित समुदाय माथि छूवाछुतको व्यबहार गरिन्छ, हत्या हिँसा, सामाजिक बहिष्कार, दलित बालिकामाथि बलात्कार आदि जस्ता घटनाहरु घटिरहेकै छन् ।

जाती भेद बिरुद्ध बिश्व मंच (Global forum) बिभिन्न कारणले प्रबासिएका नेपालीहरुद्धारा नेपाल लगायत अन्य देशहरुमा भै रहेको जातीय बिभेदको आन्दोलनलाई सहयोग पुऱ्याउन स्थापित अन्तर्राष्ट्रिय सामाजिक संस्था हो । सन् २०१४ मा स्थापित यस संस्थाले नेपाल लगायत विश्वमा हुने गरेका जातीय बिभेदको बिरुद्ध प्रवासी नेपालीहरुलाई संगठित पार्दै शशक्त आवाज उठाउदै आईरहेको छ । यसै गरि अन्तर्राष्ट्रिय जातिभेद उन्मुलन दिवस २०१९ को अवसरमा नेपाली समाजमा व्याप्त जातीय बिभेदको अन्त्य नभई देश सम्बृद्धिको बाटोमा अगाडि जान नसक्ने हुँदा जाति भेद बिरुद्ध बिश्व मंच (ग्लोबल फोरम) यसको पूर्ण अन्त्यको लागि ठोस र व्यवहारिक योजना ल्याई कार्यान्वयन गर्न नेपाल सरकारलाई आव्हान गर्दछ । साथै जातिभेद बिरुद्धको अभियानमा एक्यबद्धता र सहयोगको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका सबै मानव अधिकारबादी संघ, संस्था तथा सबै जनसमुदायसंग हार्दिक आव्हान गर्दछ ।

तिर्थ बर्मा (बिश्वकर्मा)
अध्यक्ष
ग्लोबल फोरम